मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भार्सेली, मकवानपुर
बागमती प्रदेश, नेपाल

आज मिति २०७७ साल असार ०९ गते मंगलबारका दिन विहान ११:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री बिदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ५० औं गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री बिदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित वहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य बहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

Scanned with CamScanner

**मिति २०७७ असार ०९ को ५० औं कार्यपालिकाको बैठकका प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०७७।०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्विकृती ।
२. आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्बन्धी प्रस्तावको मस्यौदा स्विकृती ।
३. आर्थिक वर्ष २०७७।०७८ को विनियोजन सम्वन्धी कानुनको मस्यौदा स्विकृती ।
४. श्रम सम्बन्धी कानुनको मस्यौदा, वन सम्बन्धी कानुनको मस्यौदा तथा सामाजिक व्यवहार सुधार ऐनको संशोधन मस्यौदाका सम्बन्धमा ।
५. गाउँसभाको कार्यसूची सम्वन्धमा ।
६. रकम विनियोजन सम्बन्धमा ।
७. विविध
   क) शैक्षिक क्षेत्र न्युनिकरण तथा विद्यार्थीको सिकाई प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
   ख) पेल्ट्रीसेट खारेज गर्ने,
   ग) असहायसँग गाउँपालिका अध्यक्ष कार्यक्रम सम्बन्धमा ।
   घ) सशर्त अनुदान शिर्षक संशोधन सम्वन्धमा ।

**छलफल तथा निर्णयहरु:**

१. **आर्थिक वर्ष २०७७।०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्विकृती ।**
यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७।७८ मा गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाहरुको सम्वन्धमा तथा गाउँपालिकाले अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्वन्धमा उपाध्यक्षको संयोजकत्वमा मिति २०७७ असार ७ गते बसेको बजेट तथा कार्यक्रम तर्जूमा समितिको सिफारीस तथा यस कार्यपालिकाको बैठकले छलफल गरी अन्तिम टुंगो लगाएको वार्षिक नीति, कार्यक्रम तथा बजेटको स्विकृत गरी आगामी असार १० गते हुने गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो । सो पश्चात विभिन्न विषयगत समितिको बैठकमा छलफल गरी बजेटको अन्तिम खाका तयार गरी कार्यपालिकाबाट स्विकृती पश्चात यसै असारमा सम्पन्न हुने गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । वार्षिक नीति तथा कार्यक्रम वमोजिम रु. ५९ करोड ७५ लाख ७ हजार कूल आय तथ्था व्यय अनुमान सहितको बजेट असार १० को गाउँसभामा प्रसतुत गर्ने निर्णय गरियो साथै कूल अनुमानित आयको विषय क्षेत्रगत रुपमा तपसिल बमोजिम रकम विनियोजन गरी गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

तपसिल

| सि.नं. | विषयगत क्षेत्र | विनियोजित बजेट | प्रतिशत |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ५ करोड ८० लाख ९१ हजार | ९ दशमलव ७२ प्रतिशत |
| २ | आर्थिक विकास | १० करोड ५० लाख ५३ हजार | १७ दशमलव ५८ प्रतिशत |
| ३ | पूर्वाधार विकास | १५ करोड ७१ लाख १३ हजार | २६ दशमलव २९ प्रतिशत |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १ करोड ८५ लाख ७ हजार | ३ दशमलव १ प्रतिशत |
| ५ | सामाजिक विकास | २५ करोड ७५ लाख ४३ हजार | ४३ दशमलव ३० प्रतिशत |
| | **कूल जम्मा** | ५९ करोड ७५ लाख ७ हजार | १०० प्रतिशत |

२. **आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्बन्धी प्रस्तावको मस्यौदा स्विकृती ।**
आगामी आर्थिक वर्षमा गाउँपालिकाले संकलन गर्ने करका दररेट, करका विभिन्न नीति तथा सुझावहरु तथा आगामी आर्थिक वर्ष २०७७।७८ मा संकलन गरिने आन्तरिक आयको प्रक्षेपण सहितको राजश्व परामर्श समितिको राजश्व परामर्श समितिले मिति २०७७ जेठ ३२ गतेसम्म छलफल गरी टुंगो लगाएको प्रतिवेदन, २०७७ का आधारमा तयार भएको आर्थिक प्रस्तावलाई कार्यान्वयन गर्न बनेको कानुनको मस्यौदाउपर छलफल गरी सर्वसम्मतीमा स्विकृत गरियो साथै उक्त स्विकृत आर्थिक प्रस्तावलाई

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

कार्यान्वयन गर्न बनेको कानुनको विधेयकलाई आगामी असार १० हुने गाउँसभामा प्रस्ताव स्वरुप पेश गर्ने निर्णय गरियो ।

३. **आर्थिक वर्ष २०७७।०७८ को विनियोजन सम्बन्धी कानुनको मस्यौदा स्विकृती ।**
स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७७ जेठ १३ गते बसेको बैठकबाट आगामी आर्थिक वर्ष २०७७।७८ मा गाउँपालिकालाई संघ तथा प्रदेशबाट प्राप्त हुने वितिय समानिकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुन अनुदान, सवारी कर बाँडफाँडबाट प्राप्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान, सशर्त अनुदान तथा गाउँपालिकाको सञ्चित कोषमाथि व्ययभार हुने अन्य रकम, आन्तरिक आय प्रक्षेपणबाट उठन सक्ने अनुमानित आन्तरिक राजश्व सहितको कूल आय तथा व्यय देखिने आय व्ययको अनुमानित कूल बजेट प्रक्षेपण, योजना तर्जुमा गर्दा विषयगत क्षेत्रहरु आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार विकास क्षेत्र, विपद व्यवस्थपन क्षेत्र, संस्थागत सेवा प्रवाह र सुशासन क्षेत्रमा विनियोजन गरिने बजेटको प्रतिशत तथा रकम सहितको सिमा र सुझावहर सहितको मिति २०७७ जेठ ३२ गतेको कार्यपालिकाको बैठकबाट स्विकृत स्रोत अनुमान तथा सिमा निर्धारण समितिको प्रतिवेदन, २०७७ का आधारमा तयार भएको बजेट विनियोजन सम्बन्धी कानुनको मस्यौदा माथि आवश्यक छलफल तथा परिमार्जन सहित सर्वसम्मतीमा उक्त मस्यौदा स्विकृत गरियो । साथै उक्त स्विकृत मस्यौदालाई विधेयक स्वरुप आगामी असार १० मा हुने गाउँसभामा प्रस्ताव स्वरुप पेश गर्ने निर्णय गरियो ।

४. **श्रम सम्बन्धी कानुनको मस्यौदा, वन सम्बन्धी कानुनको मस्यौदा तथा सामाजिक व्यवहार सुधार ऐनको संशोधन मस्यौदाका सम्बन्धमा ।**
कार्यपालिकामा प्रस्तुत भएको श्रम सम्बन्धी कानुनको मस्यौदा, वन संरक्षण सम्बन्धी कानुनको मस्यौदा तथा सामाजिक सुधार व्यवहार ऐनमा केहि परिमार्जन गर्नुपर्ने भएकोले सोको संशोधन मस्यौदा स्विकृत गरी आगामी असार १० को गाउँसभामा प्रस्ताव स्वरुप पेश गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

५. **गाउँसभाको कार्यसूची सम्बन्धमा ।**
यसै असार १० गते हुन गइरहेको मकवानपुरगढी गाउँपालिकाको पाँचौ गाउँसभाको बैठक सम्पन्न गर्न तयार भएको तपसिल वमोजिमको कार्यसूची स्विकृत गरियो ।

<u>तपसिल</u>

**मकवानपुरगढी गाउँपालिका**
**पाँचौ गाउँसभा**
**२०७७ असार १० गते**
**कार्यसूचि र समय तालिका**
**बैठक स्थान : मकवानपुरगढी गाउँपालिका सभाहल**

बैठक संख्या : १
**अध्यक्षता : विदुर हुमागाई**

**१.अध्यक्षज्युको आगमन पछि राष्ट्रिय गान सहित सबै सदस्यज्यूहरुले उठेर अध्यक्षप्रति सम्मान प्रकट गर्ने ।**

| मिति | बैठक वस्ने समय | कार्य सूचि | कार्यसुचि प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | **अध्यक्ष बाट सभा प्रारम्भ भएको घोषणा** | | |
| २०७७।०३।१० | १० बजे | मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को प्रतावित निति,कार्यक्रम तथा बजेट पेश गर्न अनुमति दिने । | उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिकाको सदस्य श्री भागवत | |

विदुर हुमागाई
अध्यक्ष

प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | धिमिरे | |
| २०७७।०३।१० | | मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक पेश गर्न अनुमति दिने । | श्री बखान सिं पाखिन आर्थिक विकास समिति संयोजक | |
| २०७७।०३।१० | | मकवानपुरगढी गाउँपालिकाको व्ययको विवरण भएको आर्थिक वर्ष २०७७।०७८ को विनियोजन विधेयक प्रस्तावलाई कार्यान्वयन गर्न बनेको कानुन पेश गर्न अनुमति दिने । | श्री बखान सिं पाखिन आर्थिक विकास समिति संयोजक | |
| २०७७।०३।१० | | श्रम सम्वन्धी कानुन, २०७७ को विधेयक | टेबुलेशन | |
| २०७७।०३।१० | | वन सम्बन्धी कानुन, २०७७ को विधेयक | टेबुलेशन | |
| | | सामाजिक व्यवहार सुधार ऐन, संशोधन विधेयक | टेबुलेशन | |
| २०७७।०३।१० | | विविध विपयवस्तु तथा निति, कार्यक्रम तथा बजेट र आर्थिक विधेयक तथा अन्य कानुन माथिको छलफलको लागि मिति र समय तालिका सहित सभाको स्थगन गर्ने । | अध्यक्ष ज्यूबाट । | |

**६. रकम विनियोजन सम्बन्धमा ।**

यस गाउँपालिकालाई चालु आर्थिक वर्षका लागि विनियोजित लागत सहभागिता शिर्षकबाट सञ्चालन गर्ने गरी ५० प्रतिशत अनुदानमा तपसिल बमोजिमका शिर्षकहरुका रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको विवरण | बजेट रकम | स्रोत |
|---|---|---|---|
| १ | बागमती साबुन उद्योग | ६ लाख | ५० प्रतिशत लागत सहभागिता |
| २ | गौरीशंकर गाई फर्म | ७१ हजार | ५० प्रतिशत लागत सहभागिता |
| ३ | मकवानी एग्रो प्रा.लि. | २ लाख ५२ हजार | ५० प्रतिशत लागत सहभागिता |
| ४ | एम.आर.एस गाई फर्म | १ लाख ५५ हजार | ५० प्रतिशत लागत सहभागिता |
| ५ | भिमसेन गाई फर्म | ६० हजार | ५० प्रतिशत लागत सहभागिता |
| ६ | कल्डर्स जि. के. खानेपानी | ७४ हजार | ५० प्रतिशत लागत सहभागिता |
| ७ | शान्ति कृषि फर्म | १ लाख ३५ हजार | ५० प्रतिशत लागत सहभागिता |
| ८ | आशतया कृषि तथा पशुपालन | १ लाख ५० हजार | ५० प्रतिशत लागत सहभागिता |
| ९ | स्याङतान कृषि फर्म | ९० हजार | ५० प्रतिशत लागत सहभागिता |
| १० | गजानन एग्रो प्रा.लि. | १ लाख ६८ हजार | ५० प्रतिशत लागत सहभागिता |
| ११ | उज्जल दूध सहकारी | ५ लाख | ५० प्रतिशत लागत सहभागिता |
| १२ | नवदूर्गा बहुउद्धेश्यि पशुपक्षिं तथा कृषि फर्म | १ लाख ५० हजार | ५० प्रतिशत लागत सहभागिता |
| १३ | धादिङ्ग भित्ता बस्ति संरक्षण योजना | ५० हजार | कन्टिन्जेन्सी |
| १४ | डुम्रेकुना धनडांडा मोटर बाटो निर्माण, गढी-६ | ६० हजार | कन्टिन्जेन्सी |
| १५ | भरत गौतम टोल बस्ति संरक्षण, गढी-५ | २५ हजार | कन्टिन्जेन्सी |
| १६ | सम्पूर्ण मिडिया प्रा.लि. कोरोना सचेतनामुलक अभियान | ५० हजार | विपद व्यवस्थापन कोष |
| १७ | इश्वरी प्रा.वि. क्वारेन्टीन सडक स्तरोन्नती | ५ लाख | विपद व्यवस्थापन कोष |
| १८ | फर्निचर व्यवस्थापन | ५ लाख | |
| १९ | इलाका प्रहरी कार्यालय शौचालय निर्माण | १ लाख | कन्टीन्जेन्सी |
| २० | ज्यामिरे धनराज टोल धादिङ्ग सडक | २५ हजार | कन्टिन्जेन्सी |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

**७. विविध**

विविधका सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो ।

**क) शैक्षिक क्षेत्र न्युनिकरण तथा विद्यार्थीको सिकाई प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

चालु आर्थिक वर्षको लागि यस गाउँपयिलकालाइ संघीय सरकारकाबाट कोभिड-१९ बाट भएको शैक्षिक क्षेति न्युनिकरण तथा विद्यार्थीको सिकाई प्रवर्द्धन कार्यक्रमका लागि थप रु. ३ लाख निकासा भएकोले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका, २०७७ बमोजिम विद्यार्थीको सिकाई सहजीकरण कार्यलाई थप प्रभावकारी बनाउन यस गाउँपालिकामा रहेका तपसिलका विद्यालयलाई तहगत रुपमा उल्लेखित दरमा अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | सञ्चालित कक्षा | दर | कैफियत |
|---|---|---|---|
| १ | माध्यामिक तह (कक्षा १ देखि १२) | १५ हजार | |
| २ | माध्यामिक तह (कक्षा १ देखि १०) | १४ हजार | |
| ३ | आधारभूत तह (कक्षा देखि ८) | ८ हजार | |
| ४ | आधारभूत तह (कक्षा १ देखि ५) | ५ हजार | |

**ख)** यस गाउँपालिकाको गद्दी ७ मा विद्युत आपूर्ति भई त्यँहा निर्माण गरिएको पेल्टिसेट प्रयोग विहिन भएकोले सो पेल्ट्रीसेट खारेज गर्ने साथै सो पेल्ट्रिसेटको पुराना सामाग्रिहरु नियमानुसार लिलाम तथा व्यवस्थापन एवं हस्तान्तरण गर्ने,

**ग) असहायसँग गाउँपालिका अध्यक्ष कार्यक्रम सम्बन्धमा ।**

असहायसँग गाउँपालिका अध्यक्ष कार्यक्रम बमोजिम स्वास्थ्य समस्यावाट पिडित तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिम रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने,

**तपसिल**

| सि.नं. | विरामीको नाम र ठेगाना | स्वास्थ्य समस्या | आर्थिक सहायता |
|---|---|---|---|
| १ | ज्ञानीमाया मोक्तान | पेटको क्यान्सर | ३० हजार |
| २ | नमराज न्यौपाने | आयआर्जन कृषि तथा पशूपालन | ५० हजार |

**घ) सशर्त अनुदान शिर्षक संशोधन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७६।७७ को संघीय सरकारको सशर्त अनुदान अन्तरगतका "सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान" शिर्षकमा यस मकवानपुरगढी गाउँपालिकालाई विनियोजन भएको रु. २५ लाख ४७ हजार रकममध्ये विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशत रकम रु. १९ लाख २ हजार २ सय ७८ रुपैंया विद्यालयको सम्वन्धित खातामा निकासा भैसकेको र विद्यालयहरुले पेश गरको विल भरपाई सहितको मागको आधारमा यस शिर्षकवाट रकम निकासा दिन नपुग हुने देखिएकोले नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ८२३ मिति २०७६ जेष्ठ २० को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शन को वँदा नं. १९ मा "सशर्त अनुदानको रकम उद्धेश्यमा फरक नपर्ने गरी स्थानीय तहवाटै कार्यक्रम संशोधन गर्न सकिनेछ" भन्ने प्रावधान उल्लेख भए अनुसार "सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान" शिर्षकमा रु. ३ लाख रकम नपुग हुने देखिएकोले नपुग हुने रकम प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान शिर्षकमा खर्च हुन बाँकी रहेको रकमबाट रु. ३ लाख रकम रकमान्तर गर्ने निर्णय गरियो ।

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner